# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, सुदुरपश्चिम प्रदेश, गुलरिया कञ्चनपुर पौष २९ गते आइतबार, २०७५ साल संख्या : २०


भाग :- ३

## एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि,२०७५

प्रस्तावनाः कृष्णपुर नगरवासीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले कृष्णपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को को अधिकार प्रयोग गरी कृष्णपुर नगरपालिकाले देहायको कार्यविधि बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले कृष्णपुर नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनुपर्छ ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति : (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) नगर प्रमुख | - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) वडाध्यक्ष वडा नं. ५ | - | सदस्य |
| (घ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी | - | सदस्य |
| (ङ) नगरपालिका भित्रका स्वास्थ्य चौकी प्रमुख | – | सदस्य |
| (च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | - | सदस्य सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।
(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तब्य र अधिकारः (१) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने,
(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।
(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।
(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा सामान्यतया दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने ।
(च) सरोकारवाला तथा अन्य संघसंस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ,
(छ) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।
(ज) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।
(झ) चौमासिक रुपमा एम्बुलेन्सबाट नगरपालिकाले खुद बचत गरेको रकमको केही प्रतिशत प्रोत्साहनको रुपमा एम्बुलेन्स चालकलाई उपलब्ध गराउने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।
(३) समितिले सेवा लिने नगरबासीहरुको आर्थिक अवस्था, घटनाको गाम्भीर्यता, कोषमा रहेको रकम समेतको आधारमा निर्णय गरी पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

(५) सेवा शुल्क सम्बन्धी व्यवस्थाः (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।
(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग कोष खडा गरी नगरपालिकाको आन्तरिक आय खातामा जम्मा गर्नेछ ।
(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखिनेछ ।
(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी तोकिएको बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।
(५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ ।
(६) कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(६) चालकको नियुक्ती र सेवा सुविधाः (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।
(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट ब्यहोरिने छ ।

(४) चालकलाई नगरपालिकाले छुट्टै मोबाइल फोन र मोवाइल नम्बर उपलब्ध गराउनेछ ।

(५) चालकले दैनिक रुपमा १०० कि.मि. भन्दा बढी दुरीमा यात्रु ओसार पसार गरेको अवस्थामा तोकिए बमोजिम थप भत्ता उपलब्ध गराइनेछ ।

(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार: (१) एम्बुलेन्स कृष्णपुर नगरपालिका वडा नं. ५ मा रहेको कृष्णपुर स्वास्थ्य चौकीको हातामा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

(८) एम्बुलेन्स चालकको काम, कर्तब्य र अधिकार:(१) एम्बुलेन्स चालकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कुनै सेवाग्राहीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउनुपूर्व आफू जाने स्थान, लाग्ने समय र सेवाग्राहीको विवरण स्वास्थ्य चौकी प्रमुख वा नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई जानकारी गराई पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ख) चालकले सम्बन्धित शाखाको पूर्व अनुमति लिई एम्बुलेन्सको नियमित मर्मत संभार र रेखदेख गर्नुपर्नेछ ।

(ग) चालकले लगबुक र सेवाग्राहीको विवरण अद्यावधिक राख्नुपर्नेछ ।

(घ) नगरपालिकासँगको सम्बन्धित करारनामामा उल्लेख गरिएका शर्तहरुको पालना गर्नुपर्नेछ ।

(ङ) सवारी चालकले अनुसूची २ बमोजिमका आचारसंहिताहरु पालना गर्नुपर्नेछ ।

(च) चालकले नियमित रुपमा तोकिएको राजस्व खातामा एम्बुलेन्स रसिद बापत उठेको रकम दाखिला गर्नुपर्नेछ ।

(२) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

(९) विविध: (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

(कार्यविधिको दफा (५) को उपदफा (१) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

एम्बुलेन्स सेवा शुल्क तथा दररेटहरु

| क्र.सं. | सुरु स्थान | गन्तब्य | दररेट (रु.) |
|---|---|---|---|
| १ | कृष्णपुर नगरपालिका | अत्तरिया | ५००।- |
| २ | कृष्णपुर नगरपालिका | धनगढी | १२००।- |
| ३ | कृष्णपुर नगरपालिका | महेन्द्रनगर | १३००।- |
| ४ | कृष्णपुर नगरपालिका | बनबसा | १७००।- |

| | | | |
|---|---|---|---|
| ५ | कृष्णपुर नगरपालिका | टनकपुर | २०००।- |
| ६ | कृष्णपुर नगरपालिका | पलिया | २१००।- |
| ७ | कृष्णपुर नगरपालिका | खटिमा | २२००।- |
| ८ | कृष्णपुर नगरपालिका | पोलिगञ्ज | २८००।- |
| ९ | कृष्णपुर नगरपालिका | डोटी, गैरा | ३५००।- |
| १० | कृष्णपुर नगरपालिका | सितारगञ्ज | ३४००।- |
| ११ | कृष्णपुर नगरपालिका | पिलिभित | ३७००।- |
| १२ | कृष्णपुर नगरपालिका | डडेल्धुरा | ४७००।- |
| १३ | कृष्णपुर नगरपालिका | लखिमपुर | ४८००।- |
| १४ | कृष्णपुर नगरपालिका | कोहलपुर | ६३००।- |
| १५ | कृष्णपुर नगरपालिका | नेपालगञ्ज | ६५००।- |
| १६ | कृष्णपुर नगरपालिका | बरेली | ६५००।- |
| १७ | कृष्णपुर नगरपालिका | डोटी, सिलगढी | ६८००।- |
| १८ | कृष्णपुर नगरपालिका | लखनऊ | ११०००।- |
| १९ | कृष्णपुर नगरपालिका | बुटबल | १५०००।- |
| २० | कृष्णपुर नगरपालिका | दिल्ली | १५०००।- |
| २१ | कृष्णपुर नगरपालिका | भैरहवा | १५५००।- |
| २२ | कृष्णपुर नगरपालिका | पाल्पा | १६०००।- |
| २३ | कृष्णपुर नगरपालिका | भरतपुर, चितवन | १८०००।- |
| २४ | कृष्णपुर नगरपालिका | काठमाण्डौँ | २३०००।- |

शुल्क तथा दस्तुर सम्बन्धी थप व्यवस्था

- दुरीको हकमा एम्बुलेन्स सेवा लिएको स्थानदेखि अन्तिम गन्तव्य स्थानसम्मको दुरी कायम गरिनेछ ।
- यस अनुसूचीमा तोकिएका स्थान बाहेकमा सेवा लिनु परेमा ५ कि.मि.सम्म न्यूनतम् रु. ५००।- र त्यस बाहेकका गन्तव्यको हकमा प्रति कि.मि. रु. ३५ को दरले शुल्क लाग्नेछ । साथै १०० कि.मि. भन्दा माथि भए रु. २००।- २०० कि.मि. भन्दा माथि भए रु. ५००।- र ५०० कि.मि. भन्दा माथि भए रु. १०००।- थप शुल्क लाग्नेछ ।
- बाटोमा लाग्ने करहरु सेवा लिने व्यक्तिले नै बेर्होनु पर्नेछ ।
- एम्बुलेन्स सेवा लिनुपर्दामाग फाराम भरी तोकिएको शुल्क तिरेर बिरामी लैजानु अगाबै बुझाउनुपर्नेछ ।

सम्पर्कःनगरपालिका कार्यालयबाट तोकिएका व्यक्ति र फोन नं. हरु

## अनुसूची २
### (कार्यविधिको दफा ८ को उपदफा (२) सँग सम्बन्धीत)
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

1. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७५ लाई पूर्णतः पालना गर्नुपर्ने,
2. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
3. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
4. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
5. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
6. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
7. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
8. बिरामीलाई बीच बाटोमा छाड्न नहुने,
9. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
10. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,
11. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
12. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ...................................... (नाम) .................................... ठेगाना ................................. ना.प्र.प.नं. .................................... जिल्ला, ड्राईभिङ् लाईसेन्स नं. .......................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| चालकको ः | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको ः |
|---|---|
| नाम/पद ः | नाम/पद ः |
| दस्तखत ः | दस्तखत ः |
| मिति ः | मिति ः |
| | कार्यालयको छाप ः |

**अनुसूची ३**

**(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)**

**"ग" वर्गको (Common Life Support (CLS))एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

- First Aid **का सामानहरु**,
- Oxygen Cylinder, Flow Meter / Mask **जडित वा जरुरी परेमा राख्न सकिने साधन**,
- IV Injection **दिन सक्ने व्यवस्था**,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergent medicine.

आज्ञाले
मेघनाथ रिजाल
प्रमुख प्रशासकीय अधिकृत